नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ७७ २०७९ साल कात्तिक १ गते मंगलबार (18 Oct 2022 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np




*यस अंक भित्र :* २ पृष्ठमा : शान्ति र सुरक्षा विकास निर्माण तथा... ३ पृष्ठमा : निर्वाचनको १७ दिन अघि ... ३ पृष्ठमा खाद्य सुरक्षाका लागि ...

# सप्तरी क्षेत्र नं. ४ मा द्विपक्षीय भिडन्तको आंकलन

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असोज ।**

सप्तरीको क्षेत्र नं. ४ मा पनि क्षेत्र नं. ३ जस्तै द्विपक्षीय राजनीतिक भिडन्त हुने आंकलन गरिएको छ ।

तीन नगरपालिका र एक गाउँपालिका रहेको यस क्षेत्रमा मुख्य दलका उम्मेदवारबीच नै प्रतिस्पर्धा हुने देखिएको छ । यस क्षेत्रमा सुरुङ्गा नगरपालिका, खडक नगरपालिका, बोदेवरसाईन नगरपालिका र बलान विहुल गाउँपालिका गरी चार पालिका पर्दछ ।





हालै सम्पन्न स्थानीयतहको निर्वाचनमा नेपाली काँग्रेसले सुरुङ्गा नगरपालिका, जसपाले बोदे बरसाइन नगरपालिका, नेकपा माओवादी केन्द्रले खडक नगरपालिका र जनमत पार्टीले बलानबिहुल गाउँपालिकाको प्रमुख पदमा जित हात पारेको छ ।

यहाँबाट २०७४ सालको निर्वाचनमा नेपाली काँग्रेसका तेजुलाल चौधरी प्रतिनीधीसभा सदस्य पदमा निर्वाचित भएका थिए । उनी यस पल्ट पनि सत्ता गठबन्धन दलका साझा उम्मेदवारका रुपमा दोहर्‍याउदै चुनावी मैदानमा उत्रेका छन् ।

यस्तै विपक्षी गठबन्धन जसपा-एमालेबाट यहाँ जसपाका बालकिशोर यादव चुनावी मैदानमा छन् । कानुन व्यवसायीको रुपमा परिचित यादव पहिलो पल्ट प्रतिनिधीसभा सदस्यका उम्मेदवार बनेका हुन् ।

यस क्षेत्रबाट जनमत पार्टीका सुकदेव साह पनि चुनावी प्रतिस्पर्धामा उत्रिएका छन । उनी सेवा निवृत्त शिक्षक हुन । यहाँबाट राष्ट्रिय प्रजातन्त्र पार्टीका मकुन चौधरी, राप्रपा नेपालका कपिलदेव यादव, नागरिक उन्मुक्ति पार्टीका देमन मियाँ, बहुजन शक्ति पार्टीका विश्वेन्दर पासमान, नेपाल आमा पार्टीका देवानन्द चौधरी, नेपाल सद्भावना पार्टीका संजोग चौधरी र राष्ट्रिय स्वतन्त्र पार्टीका मो. इरफान आलम पनि चुनावी प्रतिस्पर्धामा उत्रेका छन् ।

यस्तै स्वतन्त्रबाट माधुरी कुमारी साह, जियाउल रहमान, शंकरलाल चौधरी, छेदीलाल पासमान, काशिम मियाँ, सुरेश कुमार चौधरी थारु पनि चुनावी मैदानमा उत्रेका छन् ।

यद्दपी सत्ता गठबन्धनका उम्मेदवार चौधरी र विपक्षी जसपा-एमाले गठबन्धनका यादवबीच नै मुख्य प्रतिष्पर्धा हुने स्थानीय मतदाताहरुले अनुमान ब्यक्त गर्दै आएका छन् ।

यस क्षेत्रमा १ सय ३३ मतदान केन्द्र तोकिएको छ भने ५३ हजार १ सय ८० पुरुष, ५१ हजार ७ सय ८ महिला र अन्य ५ गरी कुल १ लाख ४ हजार ८ सय ९३ मतदाता छन् ।

चुनावी मैदानमा रहेका सबै उम्मेदवारले विकास निर्माण, स्वास्थ्य, शिक्षा र बाढी नियन्त्रण लगायतका मुदालाई चुनावी एजेन्डा बनाएर मतदातालाई आ-आफनो पक्षमा पार्न घरदैलो अभियान तिब्र बनाएका छन् ।

# सहरी क्षेत्रको जनसंख्या वृद्धि

काठमाडौं, ३१ असोज (रासस) ।

नेपालको सहरी क्षेत्रको जनसङ्ख्या ६६.०८ प्रतिशत पुगेको छ ।

जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क अनुसार सहरी क्षेत्रमा बसोवास गर्नेको जनसङ्ख्या २०६८ को जनगणनाको परिणामभन्दा बढेको सहरी विकास मन्त्रालयका सहसचिव रामचन्द्र दङ्गालले जानकारी दिनुभयो । २०६८ सालमा सहरी क्षेत्रको जनसङ्ख्या ६३.१९ प्रतिशत थियो । त्यसबेला ग्रामीण भेगको जनसङ्ख्या ३६.८१ प्रतिशत थियो ।

संयुक्त राष्ट्र सङ्घीय मानव बसोवास कार्यक्रम (यूएन ह्याविट्याट) ले यसै महिना प्रकाशित गरेको विश्व सहरी प्रतिवेदन २०२२ मा उल्लेख भए अनुसार सहरीकरणको प्रक्रिया विकसित राष्ट्रमा धेरै देखिएको छ । ती देशमा कुल जनसङ्ख्याको ७९ प्रतिशत मानिस सहरी क्षेत्रमा बस्दछन् ।

यो दरले निरन्तरता पाए विकसित देशमा सन् २०५० सम्म सहरी क्षेत्रको जनसङ्ख्या ८७ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ । सन् २०२० देखि २०२५ सम्म विकसित देशको जनसङ्ख्या वृद्धिदर ०.४६ प्रतिशत रहने अनुमान पनि प्रतिवेदनमा गरिएको छ । सन् २०३० देखि २०३५ भित्र विकसित देशमा सहरी क्षेत्रको जनसङ्ख्या ०.४० प्रतिशत पुग्ने पनि जनाइएको छ ।

अक्टोबर महिनाको पहिलो सोमबार मनाइने विश्व बसोवास दिवसका अवसरमा कार्यक्रमले यस्तो प्रतिवेदन सार्वजनिक गर्ने गरेको हो । संयुक्त राष्ट्र सङ्घीय मानव बसोवास कार्यक्रम (यूएन ह्याविट्याट) को आह्वानमा सबैका लागि उपयुक्त आवास सुनिश्चित गर्दै दिगो सहरी विकास प्रवर्द्धन गर्ने मूल उद्देश्यले विश्वव्यापी रुपमा यो दिवस मनाउन थालिएको हो । राष्ट्र सङ्घले सन् १९८६ देखि अक्टोबर महिनाको पहिलो सोमबार यो दिवस मनाउन थालेको थियो ।

नेपालमा पनि सन् २००१ देखि यो दिवस मनाइन्छ । अक्टोबर महिनाको पहिलो सोमबार बडा दशैंको महाअष्टमी परेकाले आज तेस्रो सोमबार 'समावेशी शहरबस्तीको आवश्यकता : सबैको साझा प्रतिबद्धता' भन्ने नाराका साथ नेपालमा विश्व बसोवास दिवस २०७९ विविध कार्यक्रम आयोजना गरी मनाउन लागिएको पनि मन्त्रालयले जनाएको छ ।

दिगो विकास लक्ष्यको लक्ष्य ११ ले समावेशी तथा दिगो सहरीकरण गर्ने लक्ष्य लिएको छ । दिवसका अवसरमा सोमबार विज्ञले कार्यपत्र प्रस्तुत गर्ने गरी कार्यशाला गोष्ठी आयोजना गरिएको उहाँले जानकारी दिनुभयो । कार्यक्रममा व्यवस्थित सहरी विकास, स्मार्ट सिटीलगायत विषयमा कार्यपत्र प्रस्तुत गरी त्यसमाथि टिप्पणी हुने जनाइएको छ । कार्यक्रममा विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण, इञ्जिनीयरिङ अध्ययन

*बाँकी अन्तिम पृष्ठमा*

# सबलले ल्यायो १८ करोडको बजेट




**दैनिक समाचारदाता**
**राजविराज, ३१ असोज ।**

सबल नेपाल नामक गैरसरकारी संस्थाले चालु आर्थिक वर्ष २०७९/८० मा १८ करोड भन्दा बढीको बजेट तय गरेको छ ।

सबल नेपाल सप्तरी राजविराजले २०७९/८० का लागी प्रस्तावित सौर्य उर्जा प्रर्बद्धन, खानेपानी तथा सरसफाई, कृषि तथा समुन्नती लगायतका कार्यक्रम सफल कार्यान्वयनका लागी उक्त बजेट तय गरेको जनाएको छ ।

सोमवार राजविराजमा आयोजित संस्थाको १७ औं वार्षिक साधारण सभामा अध्यक्ष जुना गिरीले गत आ.ब.२०७८/७९ को वार्षिक प्रतिवेदन तथा चालु आ.ब. २०७९/०८० का लागी तय गरिएको वार्षिक कार्यक्रम प्रस्तुत गर्दै सो जानकारी गराएकी हुन् ।

आयोजित सभामा चालु आ.व.२०७९/८० मा सम्मुन्नती कार्यक्रमका लागी ५ करोड ८५ लाख, खानेपानी तथा सरसफाई स्वच्छता कार्यक्रम तर्फ ६ करोड ८५ लाख, सौर्य उर्जा प्रर्वद्धन तर्फ १५ लाख ७४ हजार तथा शुद्ध खानेपानी माथी सर्वसाधारणको सहज पहूँचका लागी ३५ लाख ५० हजार बजेट तय गरिएको जनाइएको छ ।

यस्तै दैवी प्रकोप राहत तथा कोरोना रोकथाम तथा सहयोग तर्फ ३ करोड ५० लाख, पुर्ण सरसफाई अभियान तर्फ १ करोड ५० लाख, कृषिमा आधारित कार्यक्रमका लागी ४५ लाख ३५ हजार तथा संस्था संचालन तर्फ ६५ लाख ९५ हजार गरी कुल १८ करोड ७१ लाख ९४ हजारको बजेट तय गरिएको अध्यक्ष गीरीद्वारा प्रस्तुत प्रतिवेदनले देखाएको छ ।

यस्तै थप नयाँ प्रस्तावित कार्यक्रम अनुसार बालविवाह मुक्त र पुर्ण सरसफाई युक्त पालिका बनाउन र युवा लक्षित विभिन्न कार्यक्रम संगै जिल्लाको खेलकुदको अवस्थालाई सुधारका लागी सम्बन्धित निकाय संग पहल र सहकार्य गर्ने लगायतका विभिन्न ७ बुंदे नयाँ कार्यक्रम समेत ल्याइएको छ ।

संस्थाकी अध्यक्ष गिरीको अध्यक्षता तथा पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देवको प्रमुख आतिथ्यमा आयोजित साधारण सभामा सेभ द सप्तरीका अध्यक्ष एवं गैसस महासंघका

*बाँकी अन्तिम पृष्ठमा*

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योती कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

# नवौं राष्ट्रिय खेलकुदमा सेना ८६ पदकसहित शीर्ष स्थानमा

कास्की, ३१ असोज (रासस)।

गण्डकी प्रदेशमा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको पदक तालिकामा विभागीय टोलीको दबदबा देखिएको छ। हालसम्म छिनोफानो भएका खेलका पदकमा विभागीय टोली नेपाली सेना शीर्ष स्थानमा छ। सेनाले सुरुआतदेखि नै आफ्नो अग्रता बनाएकामा पछिल्लो समय यसलाई फराकिलो बनाउँदै लगेको छ।

पदक तालिकाको द्वितीय र तृतीय स्थानमा पनि विभागीय टोली अगाडि आएका छन्। प्रदेशले विभागीय टोलीलाई पछ्याइरहेका छन्। सोमबार दिउँसोसम्म ८७ स्वर्णपदकको छिनोफानो हुँदा सेनाले ३८ स्वर्णसहित अग्रता बनाएको हो। सेनाले २७ रजत र २१ कास्यसहित ८६ पदक जितेको छ।

यसैगरी विभागीय सशस्त्र प्रहरी बलको एपिएफ क्लब १२ स्वर्ण, १६ रजत र २२ कास्यसहित ५० पदक जितेर सेनालाई पछ्याइरहेको छ। विभागीय टोली नेपाल पुलिस क्लबले ११ स्वर्ण, सात रजत र १७ कास्यपदकसहित ३५ पदक जितेर तृतीय स्थानमा रहेको छ। बागमती प्रदेश पदक तालिकाको चौथो स्थानमा छ। बागमती प्रदेशले १० स्वर्ण, १६ रजत र १० कास्यसहित ३६ पदक जितेको छ।

आयोजक गण्डकी प्रदेशले हालसम्म आठ स्वर्ण, पाँच रजत र १५ कास्य गरी २८ पदक हात पारेको छ। गैरआवासीय नेपाल सङ्घ(एनआरएनए)ले चार स्वर्ण, तीन रजत र चार कास्यसहित ११ पदक जितेको छ।

यसैगरी मधेस प्रदेशले दुई स्वर्ण, दुई रजत र चार कास्यसहित आठ पदक ल्याउँदा प्रदेश नं १ ले एक स्वर्ण, चार रजत र १३ कास्यसहित १८ पदक जितेका छन्। सुदूरपश्चिम प्रदेशले एक स्वर्ण, एक रजत र आठ कास्यसहित १० पदक जित्दा लुम्बिनी प्रदेश र कर्णाली प्रदेशले हालसम्म स्वर्णपदक ल्याउन सकेका छैनन्।

लुम्बिनीले छ रजत र चार कास्यसहित १० पदक ल्याउँदा कर्णाली प्रदेशले एक कास्यपदक मात्र जितेर पदक तालिकाको पुछारमा छ। नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत यही असोज २८ देखी प्रतियोगिताका ३६ वटा खेल भइरहेका छन्। राष्ट्रिय खेलकुद आगामी कात्तिक ३ गतेसम्म सञ्चालन हुनेछ।

# शान्ति र सुरक्षा विकास निर्माण तथा सुशासनको आधारशीला : प्रधानमन्त्री देउवा

काठमाडौँ, ३१ असोज (रासस)।

प्रधानमन्त्री शेरबहादुर देउवाले सरकार र जनताबीचको सबैभन्दा नजिकको साथीका रुपमा नेपाल प्रहरीले जनताको सुरक्षा र सेवामा आफूलाई समर्पित गरिरहेको बताउनुभएको छ।

प्रहरी दिवस २०७९ का अवसरमा प्रहरी प्रधान कार्यालय नक्सालमा सोमबार आयोजित कार्यक्रममा उहाँले विभिन्न आरोहअवरोहका बीच राष्ट्र र नागरिकको सुरक्षामा समर्पित प्रहरीले शान्ति सुरक्षा र अमनचयन, अपराध नियन्त्रणमा हासिल गरेको उल्लेखनीय उपलब्धि हरेक नेपालीले गर्व गर्न लायक रहेको बताउनुभयो। "नेपाल प्रहरी आजको यस अवस्थामा आइपुग्नुको पछाडि नेतृत्व पङ्क्तिमा रहेका पूर्ववर्ती पदाधिकारीको समर्पण तथा अमर प्रहरीको बलिदानले मुख्य भूमिका खेलेको छ", उहाँले भन्नुभयो, "करिब सात दशक लामो इतिहास बोकेको प्रहरीले आजको अवस्थामा आइपुग्दा आफूलाई एक व्यावसायिक, दक्ष, अनुशासित र कर्तव्यपरायण राष्ट्रसेवकका रुपमा स्थापित गर्न सफल भएको छ।"

आन्तरिक तथा बाह्य सुरक्षा, सार्वभौम सत्ताको संरक्षण, जनताको सुरक्षालाई मध्यनजर राख्दै सरकारले मुलुकभर शान्ति, सुरक्षा अमनचयन कायम गर्ने र भयरहित वातावरण निर्माण गर्न जोड दिँदै आएको उहाँले बताउनुभयो। "शान्ति र सुरक्षा विकास निर्माण तथा सुशासनको आधारशीला हो", प्रधानमन्त्री देउवाले भन्नुभयो।

उहाँले आफ्नो जीउज्यानको प्रवाह नगरी तोकिएको जिम्मेवारी पूरा गर्न अहोरात्र खटिने प्रहरीको योगदानको उच्च प्रशंसा गर्नुभयो। "आपतविपत्मा परेका नागरिकले सर्वप्रथम सम्झने भनेकै प्रहरीलाई हो। अशक्त, असहाय जोखिममा परेका, अपराधबाट पीडित बनेका नागरिकको साथी र उद्धारकर्ता नेपाल प्रहरी नै हो, सम्पूर्ण नागरिकको भरोसाको केन्द्र नै प्रहरी हो", उहाँले भन्नुभयो।

प्रधानमन्त्री देउवाले २०७२ सालको विनाशकारी महाभूकम्पदेखि विश्वव्यापी महामारी कोरोना सङ्क्रमण, प्राकृतिक प्रकोप, विपद्का कुनै पनि घटनामा नागरिकको उद्धारका लागि प्रहरी, चिकित्साकर्मीले अग्रपङ्क्तिमा रहेर निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो। प्रधानमन्त्री देउवाले भन्नुभयो, "नेपाल प्रहरीको कार्यसम्पादन क्षमताको देशभित्र मात्रै होइन विदेशमा पनि प्रशंसा हुँदै आएको छ। कार्यसम्पादनका क्रममा नेपाल प्रहरीले प्रदर्शन गरेको उच्च व्यावसायिकताले नै प्रशंसा आर्जन गर्न सफल भएको हो।"

अन्तर्राष्ट्रिय शान्ति सुरक्षाप्रति नेपालको प्रतिबद्धतालाई शीरोधार्य गरी संयुक्त राष्ट्र सङ्घीय शान्ति मिसनमा प्रहरीका जवान र अधिकृत परिचालित रहेको जनाउँदै उहाँले आगामी दिनमा शान्ति मिसनमा नेपाल प्रहरीका कर्मचारीको सहभागिता र प्रतिनिधित्व बढाउन सरकार सकारात्मक रहेको बताउनुभयो। उहाँले प्रहरीको सबै सेवालाई प्रविधिमैत्री बनाउन निर्देशन दिनुभयो। "आजको युग सूचना र प्रविधिको युग हो। परम्परागत पद्धतिलाई समयानुकूल बनाउँदै सूचना र प्रविधिले सुसज्जित तुल्याउँदै सङ्गठनको प्रभाकारिता बढाउनुपर्नेछ", उहाँले भन्नुभयो।

अपराध नियन्त्रण र अनुसन्धानको मूल जिम्मेवारी प्रहरीको भएको जनाउँदै उहाँले प्रहरीले आफ्नो मूल दायित्व इमान्दारिताका साथ निर्वाह गरेमात्र राष्ट्रको शान्तिसुरक्षा मजबुद हुँदै जाने विश्वास व्यक्त गर्नुभयो। उहाँले निष्ठावान् तथा पूर्णव्यावसायिक भई कसैको दबाब वा प्रभावमा नपरी प्रचलित ऐन नियमले दिएको अधिकार प्रयोग गरी आफ्नो जिम्मेवारी पूरा गर्न सकल दर्जालाई निर्देशन दिनुभयो।

प्रहरीको कर्तव्यपरायणता र समस्याप्रति आफू जानकार रहेको उहाँको भनाइ थियो। सीमित स्रोतसाधन र कठिनाइका बीच प्रहरीले अब्बल क्षमता प्रदर्शन गर्दै आएको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले स्रोतसाधनयुक्त बनाई उचित तालिम दिनसकेमा प्रहरीले अझ उत्कृष्ट परिणाम दिन सक्नेमा कुनै शङ्का छैन भन्नुभयो।

"गौरवमय इतिहास बोकेको नेपाल प्रहरीलाई आगामी दिनमा थप आधुनिक, व्यावसायिक, स्रोत र साधनले सम्पन्न बनाउन सरकार प्रतिबद्ध छ", प्रधानमन्त्री देउवाले भन्नुभयो। प्रहरीलाई आधुनिकीकरण र सुदृढीकरण गर्न सरकारले प्राथमिकता दिँदै आएको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिइने विश्वास उहाँले दिलाउनुभयो।

नेपाल प्रहरीको सबै कर्मचारीको वृत्तिविकासलाई समयानकूल सुधार गरी सक्षम प्रहरी सङ्गठन निर्माणमा सबैको ध्यान जानुपर्नेमा जोड दिँदै उहाँले यसका लागि आवश्यक योजना बनाउन गृह मन्त्रालयलाई निर्देशन दिनुभयो।

स्थानीय तहको निर्वाचन शान्तिपूर्ण र निष्पक्ष वातावरणमा सम्पन्न गराउन नेपाल प्रहरीले खेलेको भूमिका प्रशंसनीय रहेको जनाउँदै प्रधानमन्त्री देउवाले आगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गराउन कुनै कसर बाँकी नराख्ने विश्वास व्यक्त गर्नुभयो।

गृहमन्त्री बालकृष्ण खाणले नागरिकको जीउधनको रक्षा गर्ने राज्यको पहिलो कर्तव्य पालना गर्न नेपाल प्रहरीले स्थापनाकालदेखि भूमिका निर्वाह गर्दै आएको बताउनुभयो। सीमित स्रोतसाधनका बीच प्रहरीले जनताको सुरक्षा गर्दै आइरहेको जनाउँदै उहाँले भूकम्प, कोरोना महामारी र प्राकृतिक विपत्तिमा उद्धार तथा राहतमा खेलेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो।

"सीमित साधनस्रोतका बीच सरकारले खटाएको स्थान तथा नागरिकलाई अप्ठ्यारो परेको अवस्थामा तत्काल प्रहरी पुग्ने गरेको छ, यसले जनताको रक्षा गर्न महत्वपूर्ण सहयोग पुगेको छ", उहाँले भन्नुभयो। आपराधिक गतिविधिमा नयाँ आयाम थपिएको र आपराधिक गतिविधिमा प्रविधिको प्रयोगले सुरक्षा चुनौती थपेको उल्लेख गर्दै गृहमन्त्री खाणले प्रहरीको क्षमता अभिवृद्धि गर्न मन्त्रालयले तत्पर रहेको बताउनुभयो।

"प्रहरीको क्षमता अभिवृद्धि तथा मनोबल बढाउन, प्रहरी कर्मचारीको परिवारको जीवनयापन सहज बनाउन सरकारले काम गरिरहेको छ", उहाँले भन्नुभयो, "प्रहरी जवान तथा जुनियर अधिकृतको मनोबल बढाउन वृत्तिविकासमा महत्वपूर्ण निर्णय भएका छन्।"

प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले जनता तथा राष्ट्रको सुरक्षा, विश्वव्यापी महामारी, प्राकृतिक विपत्तिलगायत अवस्थामा खेलेको भूमिकाले प्रहरीको विश्वसनीयता बढेको बताउनुभयो। गत वैशाखमा स्थानीय तहको निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न गरिएको उल्लेख गर्दै उहाँले आगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन कटिबद्ध रहेको बताउनुभयो।

नेपालमा अपराध गरी विदेशमा लुकेर बसेका व्यक्तिलाई 'इन्टरपोल'को सहायतामा नियन्त्रणमा लिइएको जनाउँदै उहाँले अघिल्लो आवको तुलनामा गत आवमा आपराधिक घटनाको दर्ता १७ प्रतिशतले बढे पनि कर्तव्य मुद्दाको सङ्ख्या घटेको उहाँको भनाइ थियो।

कार्यक्रममा प्रधानमन्त्री देउवाले कर्तव्यपालनाका सिलसिलामा वीरगति प्राप्त गरेका प्रहरी कर्मचारीका एक छात्र/एक छात्रालाई 'अच्युत-मीना अमर प्रहरी परिवार पुरस्कार तथा छात्रवृत्ति' प्रदान गर्नुभएको थियो। प्रधानमन्त्रीले नेपाल प्रहरीको विशेष ब्युरोमा कार्यरत प्रहरी उपरीक्षक सन्तोष खड्कालाई 'मोतिलाल बोहोरा सर्वोत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार', "अवकाश प्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक राजेन्द्रबहादुर सिंहलाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड' र अन्तर प्रदेश प्रहरी कार्यदक्षता मूल्याङ्कनमा उत्कृष्ट हुने १ नं प्रदेश प्रहरी कार्यालय विराटनगरलाई 'पुलिस व्याटन' प्रदान गर्नुभयो।

कार्यक्रममा प्रधानमन्त्री देउवाले प्रहरी दर्पण २०७९ को लोकार्पण तथा अमर प्रहरीका आश्रित परिवारलाई कदरपत्र प्रदान गर्नुभएको थियो। सो अवसरमा प्रधानमन्त्री देउवाले अमर प्रहरी स्मारकमा पुष्पहार अर्पण गर्नुभएको थियो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician

कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# निर्वाचनको १७ दिन अघि मात्रै आमसभा र कोणसभा गर्न पाइने

काठमाडौँ, ३१ असोज (रासस)। आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन हुने १७ दिन अगाडिपछि (कात्तिक १८) मात्रै राजनीतिक दल र उम्मेदवारले आमसभा, कोणसभा, गोष्ठी, सम्मेलनजस्ता प्रचारप्रसारका कार्यक्रमका गर्न पाउने भएका छन्।

सो अवधिसम्म तामझाम नगरी २५ जनासम्म लिएर उम्मेदवारले मतदाताको घरदैलोमा प्रचारप्रसारका लागि जान पाउनेछन्। निर्वाचनलाई भड्किलो नबनाउन र मर्यादितरुपमा प्रचारप्रसार गराउन आयोगले राजनीतिक दलको छलफलका आधारमा निर्वाचन आचारसंहिता, २०७९ मा यस्तो व्यवस्था गरेको हो।

आयोगले कडाइँका साथ निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न सबै जिल्लामा निर्वाचन आचारसंहिता अनुगमन अधिकृत (कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख) लाई निर्वाचन आचारसंहिताको दफा १३ को उपदफा (२) मा सो दफाको उपदफा (१) को खण्ड (ज) विपरीत कसैको निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राखेमा सम्बन्धित निर्वाचन क्षेत्रको सम्बन्धित उम्मेदवारले राखेको मानी कारबाही हुने स्पष्ट व्यवस्था भएको स्मरण गराएको छ।

आयोगले निर्वाचन आचारसंहिता विपरीत कार्य गर्ने सरकारी कर्मचारी, प्राध्यापक, शिक्षक तथा अन्य सम्बद्ध व्यक्तिलाई तत्काल विभागीय कारबाही गर्न सम्बन्धित कार्यालयका प्रमुखलाई निर्देशन दिइसकेको छ। उम्मेदवार तथा राजनीतिक दलले निर्वाचनमा खर्च गर्दा आयोगले तोकेको सीमाभित्र रही खर्च गरे नगरेको र निर्वाचन आचारसंहिता पालना भए नभएको सम्बन्धमा तल्लो तहबाट नै निगरानी गर्नुपर्ने भएकोले उम्मेदवार तथा राजनीतिक दलले गरेको खर्च तथा आचारसंहिता पालनाको सम्बन्धमा गहन तथा सुक्ष्म रुपमा अध्ययन तथा निगरानी गरी निर्वाचन आचारसंहिता, २०७९ को दफा ४२ बमोजिम आयोगमा विवरण उपलब्ध गराउन गृह मन्त्रालयमार्फत नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागलाई लेखी पठाएको छ।

निर्वाचन आचारसंहिता, २०७९ को केन्द्रीय अनुगमन समितिका संयोजकसमेत रहनुभएका निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आचारसंहिताको उलङ्घन गरेको पाइए कडा कारबाही गरिने जनाउँदै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवं भयरहित बनाउन कडाइका साथ निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न र गराउन सम्बन्धित पक्षलाई निर्देशन दिइएको र उलङ्घनका घटना र उजुरीका आधारमा कारबाही प्रारम्भ भएको स्पष्ट गर्नुभयो।

आयोगले आचारसंहिताको उलङ्घनलाई स्थलमै कारबाही गर्न केन्द्रीय र जिल्लास्थित आचारसंहिता अनुगमन समिति र अनुगन अधिकृतलाई निर्देशन दिइसकेको छ। आयुक्त भण्डारीले राजनीतिक दल तथा उम्मेदवारबाट हुनसक्ने निर्वाचन आचारसंहिता उल्लङ्घन तथा निर्वाचन खर्चका सम्बन्धमा आफ्ना स्थानीय संरचना परिचालन गरी सुक्ष्म अनुगमन गर्न र सोको विवरण आयोगमा उपलब्ध गराउन नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई निर्देशन दिएको बताउनुभयो। आचारसंहिता तथा निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ विपरीत त्यस्तो प्रचार सामग्री राखिएको, भित्ते लेखन गरिएको, तुल ब्यानर टाँगिएको, डिजिटल डिस्प्ले गरिएको, पर्चा टाँसिएको अवस्थामा सम्बन्धित उम्मेदवारलाई स्पष्टीकरण सोधी चौबीस घण्टाभित्र त्यस्तो सामग्री हटाउन वा त्यस्तो स्थान दुरुस्त गर्न लगाउने र सो बमोजिम नगरेमा निजलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) वा (४) बमोजिम जरिबाना गर्ने तथा उम्मेदवारी रद्द गर्ने कारबाही किन नगर्ने भनी स्पष्टीकरण सोधी कारबाहीको लागि सिफारिससाथ आयोगमा लेखी पठाउन पनि आयोगले निर्देशन दिएको छ।

आयोगले हाम्रो नेपाली पार्टीका विभिन्न उम्मेदवारले आफूलाई स्वतन्त्र उम्मेदवार भन्दै लौरो चिन्हबाट प्रचारप्रसार गरेको विषयमा स्पष्टीकरण सोधेको छ। ती उम्मेदवारले आफ्नो दलीय आबद्धता स्पष्ट नगरी आफू स्वतन्त्र उम्मेदवार रहेको भनी प्रचारप्रसार गरेको कार्यबाट निर्वाचनको स्वच्छता र निष्पक्षतालाई प्रभावित गर्ने र आम मतदाता समेतलाई भ्रमित गर्ने गरी आफूलाई स्वतन्त्र उम्मेदवार भनी सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गरेको कार्यबाट जानाजान प्रचलित निर्वाचन कानुनको उल्लङ्घनसमेत भएको पाइएकाले २४ घन्टाभित्र स्पष्टीकरण पेस गर्न पत्राचार गरिएको छ।

प्रचारप्रसारका क्रममा आचारसंहिता उलङ्घन गर्ने उम्मेदवारलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ भने आयोगको सहमति लिनुपर्नेमा सहमति नलिइ नयाँ कार्यक्रम सञ्चालन गर्ने, तलब सुविधा बढाउने, कर्मचारी नियुक्ति र सरुवा गर्ने निकायलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ।

# तीन प्रदेशमा समानुपातिकतर्फको मतपत्र ढुवानी

काठमाडौँ, ३१ असोज (रासस)। आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तीन वटा प्रदेशमा समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र ढुवानी सम्पन्न भएको छ। निर्वाचन आयोगका अनुसार सोमबार दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर र काठमाडौँ जिल्लामा मतपत्र ढुवानी भएको छ।

प्रदेश १, मधेस र बागमती प्रदेशका सबै जिल्लाका सबै निर्वाचन क्षेत्रमा मतपत्र ढुवानी सम्पन्न भइसकेको छ। समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई करोड २२ लाख २५ हजार मतपत्र ढुवानी भएको आयोगले जनाएको छ। प्रदेश सभातर्फ एक करोड १४ लाख ९९ हजार तथा प्रतिनिधिसभाका लागि एक करोड सात लाख २६ हजार मतपत्र रहेका छन्।

ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ, भोजपुर, सङ्खुवासभा, धनकुटा, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सिराहा, सप्तरी, धनुषा, महोत्तरी, नुवाकोट, रसुवा, धादिङ, चितवन, मकवानपुर, बारा, पर्सा, रौतहट, सर्लाही र सिन्धुली जिल्लामा यसअघि नै समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र ढुवानी भइसकेको आयोगले जनाएको छ।

**समानुपातिकतर्फ महिलाको सङ्ख्या ५५ प्रतिशत**

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि समानुपातिकतर्फ महिला उम्मेदवारको सङ्ख्या ५५ प्रतिशत बढिरहेको देखिएको छ। प्रतिनिसभातर्फ समानुपातिक उम्मेदवारको कूल सङ्ख्या दुई हजार चार सय दुई छ। यसमा महिला उम्मेदवारको सङ्ख्या एक हजार तीन सय १३ छ, भने पुरुष उम्मेदवारको सङ्ख्या एक हजार ८९ छ। निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्याङ्कअनुसार प्रदेशसभातर्फ महिला समानुपातिक

*बाँकी अन्तिम पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

### खाद्य सुरक्षाका लागि थप लगानी गर्न आग्रह

नोम्पेन्ह, ३१ असोज (रासस/सिन्ह्वा)।

खाद्य सुरक्षाका लागि थप लगानी गर्न कम्बोडिया तथा संयुक्त राष्ट्रसङ्घीय एजेन्सीले आग्रह गरेका छन्।

कम्बोडिया सरकार तथा संयुक्त राष्ट्रसङ्घीय एजेन्सी विश्व खाद्य कार्यक्रमले सो आग्रह गरेका हुन्।

यी संस्थाले संयुक्त विज्ञप्ति प्रकाशन गरेर विश्वका देशलाई खाद्यान्न अभावको समस्या देशव्यापीरुपमा बढ्दै गएकाले यसका लागि अब सोच्नुपर्ने अवस्था आएको बताएका हुन्।

आइतबार विश्व खाद्य कार्यक्रमका अवसरमा उनीहरुले विश्वका देशलाई सो आग्रह गरेका समाचारमा जनाइएको छ।

हाल विश्वमा आन्तरिक द्वन्द्वका कारण कैयौँ देशबाट नागरिकले देश छोड्नुपरिरहेको अवस्था छ। त्यस्तै बाढी पहिरो आदिका कारण पनि खाद्यान्न बालीमा समस्या उत्पन्न भएकाले खाद्यान्न अभावको अवस्था देखिँदै गएको पनि सो संयुक्त विज्ञप्तिमा जनाइएको छ।

साथै हालका वर्षमा विश्वमा जलवायु परिवर्तनका कारण समस्या उत्पन्न भइरहको र यसले कुनै पनि देशका खेती प्रणालीमा नै असर गरिरहेकाले यो अवस्था आएकाले पनि खेती प्रणालीमा परिवर्तन ल्याइ नयाँ खेती प्रणालीको विकासका लागि थप लगानी गर्नुपर्ने अवस्था आएको पनि बताइएको छ।

देशले दिगो खाद्य विकास कार्यक्रम ल्याउनुपर्ने, खाद्यान्नका आपूर्तिका विधि र तरिकामा पनि परिवर्तन ल्याउनुपर्नेमा जोड दिइएको छ।

आइतबार विश्व खाद्य दिवस विश्वका विभिन्न देशका खाद्यान्नको आवश्यकता, यसको उपलब्धता र आगामी दिनमा खाद्यान्नको सुनिश्चितताजस्ता विषयमा आवश्यक छलफल र परामर्श गरी मनाइएको छ।

साथै संयुक्त राष्ट्रसङ्घीय कार्यक्रमलगायतका विश्वका अन्य सरकारी तथा गैरसरकारी सङ्घसंस्थाले पनि आगामी दिनमा जलवायु परिवर्तनका कारण विश्वमा खाद्यान्न अभावका थप समस्या झेल्नुपरिरहेकाले यसतर्फ सबै सचेत हुनुपर्ने सन्देश पनि यस दिवसका अवसरमा दिइएको छ।

### रुसी 'कामिकाजे ड्रोन' द्वारा किभमा आक्रमण

युक्रेन, ३१ असोज (रासस/एएफपी)।

रुसले सोमबार बिहान किभमा 'कामिकाजे ड्रोन' मानवरहित विमान आक्रमण गरेको छ। युक्रेनी राष्ट्रपतिले यस आक्रमणलाई झण्डै आठ महिनादेखि हजारौँको ज्यान लिने युद्धमा निराशाको कार्यरूपमा वर्णन गरेको छ।

किभमा सोमबार बिहान ६:३५ बजे पहिलो विस्फोट हुनुभन्दा केही समयअघि हवाई आक्रमणको साइरन बजेको र त्यसपछि देशका अधिकांश भागमा साइरन बजेको बताइएको छ।

'राजधानीमा कामिकाजे ड्रोनद्वारा हमला गरिएको छ,' राष्ट्रपतिका चीफ अफ स्टाफ एन्ड्री यर्माकले सामाजिक सञ्जालमा भन्नुभएको छ।

'हामीलाई थप वायु रक्षा प्रणाली, सकेसम्म चाँडो चाहिन्छ। आकाशको रक्षा गर्न र शत्रुलाई नष्ट गर्न थप हतियार चाहिएको' उहाँले बताउनुभएको छ।

रसियाले युक्रेनको राजधानी र देशका विभिन्न सहरमा क्षेप्यास्त्र आक्रमणको ठूलो लहर जारी गरेको एक हप्तापछि आक्रमण भएका जनाइएको छ।

किभका मेयर भिटाली क्लिट्स्कोले ड्रोन आक्रमणले केन्द्रीय शेभचेन्किभ्स्की जिल्लाका धेरै भवनमा आगो लागेको र त्यहाँका बासिन्दालाई शरण लिन चेतावनी दिएको बताउनु भएको छ।

### कारबाहीमा सात आतंककारी मारिए

इस्लामाबाद, ३१ असोज (रासस/सिन्ह्वा)।

पाकिस्तानमा पछिल्लो २४ घण्टामा सुरक्षाबलले दुई अलग-अलग क्षेत्रमा गरेको आतङ्कारीविरोधी कारबाहीमा परी सात आतङ्कवादी मारिएका अधिकारीले बताएका छन्।

आतङ्कवाद विरोधी विभाग (सिटिडी)ले आइतबार देशको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तको मस्तुङ जिल्लामा एक आतङ्कवादी लुकाउने ठाउँमा सुरक्षाबलले छापा मारेको बताएको छ। गोलीबारीको क्रममा, छ आतङ्ककारी मारिनुको साथै र अन्य तीन भागेका सिटिडीले जनाएको छ।

सीटीडीले आतङ्कवादीको लुक्ने ठाउँबाट हतियार र गोलाबारुद बरामद गरिएको बताएको छ। मारिएका आतङ्ककारीले बलुचिस्तानको राजधानी क्वेटामा संवेदनशील प्रतिष्ठानमा ठूलो आक्रमण गर्ने योजना बनाएका जनाइएको छ।

यसबाहेक, उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको वन्नु जिल्लाको जानिखेल क्षेत्रमा आइतवार एउटा खुफियामा आधारित कारबाहीमा एक आतङ्ककारी मारिए थिए। उक्त क्षेत्रका आतङ्ककारी सुरक्षाबलविरुद्ध आतङ्कवादी गतिविधिमा सक्रियरुपमा संलग्न रहेका जनाइएको छ।

# प्रहरी दिवसको अवसरमा सरसफाई र बृक्षारोपन





**दैनिक समाचारदाता**
**राजविराज, ३१ असोज ।**

६७ औं प्रहरी दिवसको अवसरमा मधेश प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालय राजविराज र जिल्ला प्रहरी कार्यालय सप्तरीको संयुक्त आयोजनामा सोमबार दुई मन्दिरमा सरसफाइ गरिएको छ ।

राजविराज वडा नं. २ स्थित राजदेवी मन्दिर र वडा नं. ७ स्थित भगवती मन्दिर परिसरमा सरसफाइ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख प्रहरी उपरीक्षक अबि नारायण काफ्ले, मधेश प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालय राजविराजका प्रहरी नायव उपरीक्षक नारायण चिमरिया तथा सामुदायिक प्रहरी सेवाका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

यस्तै प्रहरी दिवसकै अवसरमा जिल्ला प्रहरी कार्यालय हाताभित्र बृक्षारोपन गरिएको छ । सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष हितनारायणलाल दासको सहकार्यमा जिल्ला प्रहरी कार्यालयका कार्यालय प्रमुख प्रहरी उपरीक्षक अबि नारायण काफ्लेको नेतृत्वमा बृक्षारोपन गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार प्रहरी कार्यालयको प्राङ्गणमा आँप, कटहर, लिचि, सुन्तला, कागति, अमला, बर, पिपल लगायत विभिन्न जातजातिका ४ सय ६७ वटा बिरुवा रोपण गरिएको छ ।

# कार्यशाला गोष्ठी सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ३१ असोज ।**

सप्तरीको खडक नगरपालिकामा जलवायु तथा बातावरण परिर्वतन र भौतिक समान्ता बिषयक एक दिने कार्यशाला गोष्ठी सोमबार सम्पन्न भएको छ ।

सिडा कार्यक्रम अर्न्तगत समाजको क्षमता अभिबृद्धि, नागरिक समाजका संघसंस्थाहरुलाई दिगोपना गराउने उद्देश्यले जिल्लाको खडक नगरपालिकाको सभाहलमा एक समहारोका बिच कार्यशाला गोष्ठी सम्पन्न भएको हो ।

सडक नगरपालिकाको समन्वय र सेभ द चिल्ड्रेनको सहयोगमा सबल नेपाल नामक संस्थाले आयोजना गरेको कार्यशाला गोष्ठीमा बालबालिका क्षेत्रमा काम गर्ने स्थानिय बिभिन्न संघ संस्था, युथ क्लब र सरकारी निकायका कर्मचारी तथा सुरुङगा र खडक नगरपालिकाका भित्रका वडा बालसंजाल गरि २० जनाको सहभागिता रहेको थियो ।

कार्यशाला गोष्ठीको भने सबल नेपाल संस्थाका सदस्य परमेश्वर झाले गरेका थिए । गैसस महासंघका अध्यक्ष बलदेव मंडलको अध्यक्षतामा सम्पन्न भएको कार्यशाला गोष्ठीमा जलवायु परिर्वतनका कारण जलवायु परिवर्तनका प्रभाव बारे जानकारी दिइएको थियो ।

सो कार्यक्रममा सिडा कार्यक्रम परियोजना संयोजक निरबहादुर आले, सुपरभाइजर दिपा चौधरी लयातका उपस्थित रहेको थियो ।

# आज सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असोज ।**

सरकारले शताब्दीपुरुष सत्यमोहन जोशीको निधनको शोकमा आज सार्वजनिक बिदा दिएको छ ।

गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले सोमबार एक विज्ञप्ति जारी गरी कात्तिक १ गते मंगलबार देशभर सार्वजनिक बिदा दिने निर्णय भएको जानकारी दिए ।

शताव्दी पुरुष जोशीको १०३ वर्षको उमेरमा आइतबार विहान निधन भएको थियो । उनको निधनको शोकमा देशभरका सरकारी कार्यालय, सार्वजनिक संघसंस्था र विदेशस्थित कुटनीतिक नियोगमा राष्ट्रिय झण्डा झुकाउने निर्णय भएको पोखरेलले बताए ।

आइतबार जोशीलाई श्रद्धाञ्जली अर्पण गर्न जाँदा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनराम श्रेष्ठले जोशीको निधनको शोकमा एक दिन सार्वजनिक बिदा दिने घोषणा गरेका थिए ।

### सबलले ल्यायो ...

वरिष्ठ उपाधयक्ष ध्रुव देव, सेभ द चिल्ड्रेनका खिलानाथ निरौला, जिल्ला शिक्षा समन्वय एकाइका राजदेव यादव, निरज गिरी लगायतले प्रस्तावित कार्यक्रमको सफल कार्यान्वयनका लागी शुभकामना दिए ।

आयुष श्रेष्ठद्वारा संचालित कार्यक्रममा संस्थाका संस्थापक अशोक साहले अतिथीहरुको स्वागत गरेका थिए ।

# प्रभावमा नपरी मतदान गर्न आग्रह

काठमाडौं, ३१ असोज (रासस) ।

जवाफदेहीता निगरानी समितिले आगामी मङ्सिर ४ गते हुन गइरहेको आम निर्वाचनमा मुलुकको सफल लोकतान्त्रिक भविष्य, न्याय तथा मानव अधिकारको सुनिश्चितताका लागि कुनै पनि दबाब वा प्रभावमा नपरी मतदान गर्न आग्रह गरेको छ ।

समितिका संयोजक चरण प्रसाईं द्वारा सोमबार जारी विज्ञप्तिमार्फत भ्रष्टाचारी तथा आपराधिक गतिविधिमा संलग्न भएका एवं न्याय तथा मानव अधिकार विरोधी उम्मेदवारलाई भोट नहाल्न आग्रह गरेको छ ।

“हरेक पाँच वर्षमा एकपटक प्राप्त यस अवसरलाई विवेकको प्रयोग गरी भ्रष्टाचारी, आपराधिक गतिविधिमा संलग्न भएका एवं न्याय तथा मानव अधिकार विरोधी उम्मेदवारलाई निरुत्साहित गर्नुपर्छ”, समितिले जारी गरेको विज्ञप्तिमा भनिएको छ, “स्वच्छ छवि भएका योग्य, इमान्दार तथा न्याय र मानव अधिकारप्रति प्रतिबद्ध उम्मेदवारलाई जनप्रतिनिधि चुन्न निगरानी समिति आम मतदातालाई आग्रह गर्दछ ।”

समितिले स्वतन्त्र, निष्पक्ष तथा भयमुक्त वातावरणमा मतदानद्वारा स्वच्छ छवि भएका योग्य, इमान्दार तथा लगनशील प्रतिनिधि चुन्ने अवसर प्राप्त गर्नु लोकतन्त्र तथा सुशासनको पूर्वशर्त भएको जनाएको छ । मुलुकको सुदृढ एवं दिगो लोकतान्त्रिक भविष्य स्थापित गर्ने यो एक स्वर्णीम मौका पनि भएको विज्ञप्तिमा उल्लेख छ ।

“कानुनी छिद्रको फाइदा उठाएर हत्या, भ्रष्टाचार तथा अन्य गम्भीर फौजदारी आरोप लागेका तथा प्रमाणित भएका व्यक्ति पनि जनप्रतिनिधि बन्न विगतमा सफल भएका थिए”, समितिले भनेको छ, “यसबाट नेपालको लोकतान्त्रिक अभ्यास सुदृढ नभई राजनीतिक विचलन, विसङ्गति तथा विकृति बढेको, अन्तर्राष्ट्रिय छविमा आँच पुगेको र दण्डहीनता मौलाउँदै गएको निगरानी समितिको ठहर छ ।”

### तीन प्रदेशमा ...

उम्मेदवारको सङ्ख्या दुई हजार चार सय २६ छ ।

प्रदेशसभाको समानुपातिकतर्फ पुरुष उम्मेदवारको सङ्ख्या एक हजार छ सय २९ छ । प्रदेशसभाको समानुपातिकतर्फ कूल चार हजार ५५ जनाको उम्मेदवारी कायम भएको छ । प्रदेश १ मा चार सय छ महिला र दुई सय ५५ पुरुष, मधेसमा पाँच सय ७० महिला र तीन सय ७७ पुरुष, बागमतीमा चार सय ७१ महिला र तीन सय ५४ पुरुष, गण्डकीमा दुई सय २१ महिला र एक सय ४५ पुरुष, लुम्बिनीमा चार सय तीन महिला र दुई सय ५४ पुरुष, कर्णालीमा एक सय ३१ महिला र ९१ पुरुष तथा सुदूरपश्चिम प्रदेशमा दुई सय २४ महिला र एक सय ५३ पुरुष उम्मेदवार रहेका आयोगले जनाएको छ ।

आगामी मङ्सिर ४ गते देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन हुँदैछ । सो निर्वाचनमा ९१ लाख ४० हजार आठ सय छ पुरुष, ८८ लाख ४७ हजार पाँच सय ७९ महिला र एक सय ८५ अन्य गरी कूल एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाताले मतदान गर्दैछन् । देशभर १० हजार आठ सय ९२ मतदानस्थल र २२ हजार दुई सय २७ मतदान केन्द्र रहनेछन् ।

### सहरी क्षेत्रको ...

संस्थान, काठमाडौं र ललितपुर महानगरपालिकाका तर्फबाट कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

यस अवसरमा आवास कम्पनी लिमिटेड, युएन ह्याविट्याट, नगर विकास कोष, विभिन्न नगरपालिकाले समेत विविध कार्यक्रम आयोजना गर्न लागेको सहरी विकास तथा भवन निर्माणि विभागले जनाएको छ । दिगो र वतावरण मैत्री सहरी विकासमा जोड दिँदै विश्व बसोवास दिवसका कार्यक्रम गरिने भएको छ ।


## भूमिसुधार तथा मालपोत कार्यालय राजविराज सप्तरी

*मिति : २०७९/६/२७*

### ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना

प्रस्तुत विषयम जिल्ला सप्तरी साविक गा.वि.स. भगवतपुर वडा नं. ५ हाल महादेवा गा.पा. वडा नं. ५ वस्ने लालीको नाती गोपीको छोरा ठिठर मंडल मघैया धानुक नाममा दर्ता श्रेस्ता कायम रहेको ऐ.ऐ वडा नं. ५ को कि.न. ३६९ को ज.वि. ०-०-१५ १/४ जग्गा निज मृतकको एक मात्र छोरी श्रीमती हरिहर देवी धानुकले नामसारी गरी पाउँ भनी माग निवेदन बमोजिम उक्त जग्गामा निवेदक वाहेक अरु कसैको हक लाग्ने भए वा निवेदक माग बमोजिम दर्ता नामसारी गर्दा कसैको हक जाने छ भने यो सुचना प्रकाशन भएको मितीले बाटोको म्याद बाहेक ३५ दिन भित्र सवुत प्रमाण लिइ हाजिर हुन आउनु होला । सो म्याद भित्र हाजिर नभई म्याद गुजारी बसेमा नियम अनुसार कायम हुने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ पछि उजुरी बाजर लाग्ने छैन । भनी मिती २०७९/५/३० गतेको आदेशानुसार यो सुचना प्रकाशन गरिएको छ ।

इति सम्बत २०७९/०६/२७ रोज शुभम... ।



चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं।

हाम्रा साँस्कृतिक पर्वहरूको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*